## नमुना प्रश्न-५
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**
**उत्तीर्णाङ्क : ३०**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*
**सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)
क) नेपालप्राकृतिक सम्पदाले भरिपूर्ण देश हो । नेपाल र नेपालीले स्वदेशी डाँडाकाँडामा पाइने अनमोल जडीबुटी बेचबिखन गरेर अर्थतन्त्र सबल पार्न सके न बेरोजगारी बढ्छ न त गरिबी नै बाँकी रहँन्छ ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
नेपालमा रिसी जस्ता नेतापनि न भएका होइनन् । के देस बनाउन चाहेका भय बन्ने थिएन र

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)
**क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
रामबहादुरले टेलिभिजनमा काम गरेको देखेर श्यामबहादुरले घुटुक्क थुक निल्यो । उसले टेलिभिजनमा कार्यक्रम सम्पादन र नयाँ कार्यक्रम उत्पादन गरी सम्प्रेषण गर्न थालेको देखेर म चाहिँ गदगद भएँ ।
**ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
हुने हार दैव नटार भने झैँ कोरोना महामारीले धेरैलाई चुडेर लग्यो । धेरैको घरबार कहाली लाग्दो भयो । कतिको गहमा आँसु अझै रोकिएको छैन । यस्तो विपत्तिमा कानमा तेल हालेर बस्ने मानिस पनि नभएका होइनन्, अचानाको पीर खुकुरीले बुझ्दैन भनेको सायद यही हो ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् :** (३)
**शिक्षा क्षेत्रमा देखिएको घट्दो गुणस्तर राष्ट्रका सामु चुनौतीको विषय बन्दै गइरहेको छ । यस प्रकृतिको समस्यामा सबैको चासो हुनुपर्ने हो तर त्यसतर्फ चासो राखेको महसुस गर्न पाइएको छैन ।**

**५. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : (२)**

म्यानमार र नेपाल मित्रराष्ट्र हुन् । आकाशे किनारा र रातो पृष्ठभूमिका हाम्रो झण्डाको बिचमा सिपयुक्त कलाकारले बनाएका जून र घाम रहेमा छन् । बुद्ध झैँ महान् सन्ततिको जन्मले नेपाल बाहेकका अमेरिका, स्विजरल्यान्ड जस्ता देश फिका लाग्छन् ।

**६.कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)**

**क) तलको अनुच्छेदबाट तीनओटा व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

तत्कालीन आर्थिक सङ्कट टार्न निःस्वार्थ मानवीय भावना भएका साथीभाइलाई सापटी दिइराख्नु राम्रो हुन्छ । होसियार गरिएन भने आफैले पैसा दिएको व्यक्तिले आफैलाई दुर्व्यवहार गर्न सक्छ । अविश्वासी पात्र धेरै हुन्छन् । तिमी आफै अन्वेषण गर ।

**ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

सप्तकोसीका बगरमा बसेर वनभोज जानेबारे सरसल्लाह गर्न पुगेका नीलकण्ठ र गजराजले आ-आफ्ना बल्छीद्वारा थुप्रै स-साना माछा पनि मारे । यसो तरकारीको खाँचो टर्ला भनेर घरमा ल्याई भोलिपल्ट पकाउन खोज्दा ती माछा त गल्याकगुलुक भइसकेछन् ।

**७) कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) ले, लाई, बाट, देखि, द्वारा, को, रो, मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् ।**

**(ख) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचासमेत मिलाई पुनर्लेखन गर्नुहोस् :**

म उहाँकी असल चेली भएकाले उहाँले पनि बिर्सनु भएन । म गायिका र कवयित्री भएकाले पनि गुरुको नजर ममाथि सकारात्मक रह्यो । मैले नढाँटीभन्दा बुबाको माया पनि गुरुबाटै पाएँ । उहाँ जस्तो गुरु पाउने म भाग्यमानी चेली हुँ ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) विदेशमा पढ्न गएको भाइलाई होसियारी अपनाउने सल्लाह दिँदै आज्ञार्थक भावलाई समेटेर चार वाक्यमा एउटा अनुच्छेद लेख्नुहोस् ।**

**(ख) तलका दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**

तिमी परीक्षा लेख्दै छौ । तिमीले यो परीक्षा राम्रो गर्नेछौ । तिमीले युनाइटेड एकेडेमी र आफ्नो नाम राख्ने छौ । तिमीले सबैलाई खुसी बनाउने छौ ।

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) तलका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा संश्लेषण गर्नुहोस् :**

यी दुईको भाषा मिल्दैन । यी दुवैले एकअर्काको कुरा बुझ्दैनन् । यिनीहरु आपसमा कुरा गर्न चाहन्छन् । यिनीहरु आपसमा कुरा गर्न नसक्दा दुःखी छन् । दुवै एक अर्कालाई मन पराउँछन् । दुवै जना एक अर्काको दिलमा प्रेम पोख्न आतुर भइरहेका छन् । दुवैले आपसमा कुरा गर्न सक्दैनन् । यो चाहिँ बिडम्बना भयो ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

सन्तोषले भन्यो, " समाजको अवस्था अझै दयनीय छ" ।

रुपाले गम्भीर हुँदै भनी,"लोकतन्त्र आएपछि पनि समाजमा परिवर्तन आएन"

रुविनाले थपी,"समतामूलक समाज निर्माणका लागि मानिसको मानसिकतामा परिवर्तन हुनुपर्छ" ।

राकेशले चिन्ता मान्दै बोल्यो,"संविधान बनाउने मानिसहरुको मानसिकता पनि उही त छ नि " ?

१०. **तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (५×१=५)**

पदार्थका भौतिक गुणहरूको अध्ययन नै भौतिक विज्ञानको क्षेत्र हो । सूक्ष्म तहमा पदार्थका आधारभूत कणहरू ( फण्डामेण्टल पार्टिकल्स) देखि स्थूलगत रूपमा भौतिक प्रतिकियासम्मको समष्टि अध्ययन त्यस क्षेत्रभित्र पर्दछ । पदार्थका आधारकणहरूको जमोटबाट उत्पन्न हुने परमाणु, अणु, मोलेक्युल तथा स्थूल पिण्डहरूका बीच आकर्षण र प्रत्याकर्षणका भौतिक गुणहरूका आधारमा अन्य प्रक्रियाहरूको प्रादुर्भाव हुन्छ । यिनै विभिन्न प्रक्रियाहरूको अध्ययन

भौतिक विज्ञानमा र त्यसका अतिरिक्त अन्य वैज्ञानिक विषय क्षेत्रअन्तर्गत गरिन्छ । उपभोग्य सेवा र सामग्रीहरूका उत्पादनमा उपयोग हुन सक्ने जस्ता पदार्थसम्बन्धी वैज्ञानिक तथ्यहरू शिल्पका रूपमा प्रविधिका क्षेत्रमा ओसारिन्छन् । समस्त विज्ञान तथा प्रविधिका विकासका क्रममा नयाँ आयाम थपिदिने प्रमुख भूमिका भौतिक विज्ञानले नै खेलिराखेको छ भन्नुमा कुनै अत्युक्ति नहोला । वैज्ञानिक अध्ययन विधिका दुई आधारभूत पक्षहरू सैद्धान्तिक पक्ष तथाप्रायोगिक पक्षको प्रतिष्ठापन प्रतिपादन भौतिक विज्ञानअन्तर्गत नै तीव्रतापूर्वक गरिन्छ । यी दुई पक्षहरूका बीच निरन्तर घनिष्ट सम्बन्ध कायम रहिरहन सकेकाले भौतिक विज्ञानमा द्रुत गतिले विकास सम्भव भएको पाइन्छ । एकातर्फ सैद्धान्तिक तर्कहरूको प्रायोगिक परीक्षण तथा अर्कातर्फ प्रायोगिक अनुभवहरूबाट उपलब्ध तथ्यहरूको सामन्यीकरण वा सैद्धान्तीकरणको दोहोरो अध्ययनविधिको प्रतिपादन जति दरिलो प्रकारले भौतिक विज्ञानमा हुन आउँछ, त्यति अन्य कुनै वैज्ञानिक विषयक्षेत्रमा हुन सकेको छैन । आज विश्वका समुन्नत देशहरूमा भौतिक विज्ञान र प्रविधिले विकासको मेरुदण्डका रूपमा स्थायित्व पाएको देखिन्छ । विज्ञान र प्रविधि आ-आफ्ना क्षेत्रअन्तर्गत विकासका लागि परस्परमा आश्रित छन् भन्ने तथ्य भौतिक विज्ञानका अन्य क्षेत्रबाट प्रमाणित हुन सकेको छैन । भौतिक विज्ञानमा मौलिक क्षमताको प्रादुर्भाव नभइकन कुनै पनि प्रविधिको विकास तथा सुधारको सम्भावना शून्य प्रायः हुन्छ ।

**प्रश्नहरू**

क) पदार्थमा अन्य प्रक्रियाहरूको प्रादुर्भाव कसरी हुन्छ ?
ख) भौतिक विज्ञानको अध्ययनक्षेत्र केकस्तो देखिन्छ ?
ग) कुन अवस्थामा विज्ञान प्रविधिको रूपमा परिणत हुन्छ ?
घ) भौतिक विज्ञान कसरी विज्ञान र प्रविधिको मेरुदण्ड हो ?
ङ) वैज्ञानिक अध्ययन विधिका दुई आधारभूत पक्षहरू केके हुन् ?

**११. तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् : (२+३=५)**

नेपाली राष्ट्रियता कुनै एउटा जाति विशेष, कुनै शक्तिशाली राजा वा लोकप्रिय नेताको बलले स्थापित र विकसित भएको होइन । हाम्रो भूमिले प्रचुर प्राकृतिक सम्पदा, जैविक विविधता, समशीतोष्ण जलवायु पूर्वी गोलार्द्धको मध्य विन्दुका कारण भौगोलिक विविधता जस्ता विशेषता बोकेको छ । भूगोलको नक्सामा चारैतिरबाट स्केलले नाप्नु होस्, हाम्रो देश एसिया, अफ्रिका, युरोप र अष्ट्रेलियाको ठिक मध्यभागमा विश्वको सबभन्दा अग्लो गजुर सगरमाथाको शिर ठाडो पारेर सानदार ढङ्गले उभिएको छ । हामी एउटै सानो देशमा चार प्रजातिको बहुरङ्गी सदावहार प्रदर्शन देखाउँछौं । माघको जाडोमा आउनुहुन्छ भने न्यानो लुम्बिनी र जनकपुर आदिमा स्वागत गर्छौं । गर्मीमा पाल्नुहुन्छ भने माछापुच्छ्रे र सगरमाथाको शीतल काखमा सेवा गर्छौं । अरु जुनसुकै मौसममा आउनुहोस्, महाभारत र चुरेका बस्ती र नगरहरुमा सर्वत्र स्वागत छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

(क) आन्तरिक फोहोर मैला व्यवस्थापनका लागि नगरपालिकाका तर्फबाट दिइने जनचेतनामूलक सूचनाको नमुना तयार पानुहोस् ।

(ख) तपाईंको आफ्नो स्थायी ठेगानाको कुनै एक व्यक्तिले त्यहींको अर्को व्यक्तिसँग ऋण लिएको व्यहोरा खुलाइ एउटा तमसुकको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (५)**

(क) तपाईंको गाउँमा स्थापना भएको सार्वजनिक पुस्तकालयको उद्घाटन समारोहको विषयलाई समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'पेट्रोलियम पदार्थ र बढ्दो महँगी' शीर्षकमा १५० शब्दसम्मको एउटा टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (४)**

(क) हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !

(ख) जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत्, सुख र दुःख सबैलाई पर्छ ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखको जिङ्ग्रिङे भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरुसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

**प्रश्नहरु**

(क) सेती नदी र घनघस्याका बिचमा रहेका समानता र भिन्नता केके हुन् ?

(ख) घनघस्यालाई कसरी मानवीकरण गरिएको छ ?

**(ख) तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

पेशलले कम्प्युटर चलाएर चेकजाँच गऱ्यो । भाइरसले ग्रस्त भएको रहेछ । पेशलले आफैले बनाएको एन्टिभाइरस गोर्खेको सिडी निकालेर इन्स्टल गऱ्यो । इन्स्टल हुन पाँच मिनेट लाग्यो । त्यसपछि स्क्यान सुरु गऱ्यो । एउटा डाइलग बक्स खुल्यो । टाउकामा सिङ भएको, आङमा रुखका बोक्रा लगाएको, दाह्रा कटकटाइरहेको, महाविकराल अनुहारको मान्छे आयो । उसले काँधमा एउटा झोला पनि बोकेको थियो । त्यो देखेर सतपालले पेशलतिर हेऱ्यो, फेरि कम्प्युटरतिर । आफूले कहिले नदेखेको अनौठो देह र विचित्र भावभङ्गी भएको विलक्षण मान्छे कम्प्युटरमा क्रीडामग्न भएको देखेपछि त सतपाल खित्का छोडेर हाँस्न पो लाग्यो । हाँसो रोकिनेबित्तिकै उसले "सोनम" भनेर डाको लगायो । उत्तिखेरै एउटी महिला निस्किन् ।

**प्रश्नहरु :**

(क) पेशलले किन एन्टिभाइरस सिडी कम्प्युटरमा इन्स्टल गऱ्यो ?

(ख) सतपाल खित्का छोडेर हाँस्नुको कारण के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) विरहिणी दमयन्ती कथाकी पात्र दमयन्तीले आफूलाई परित्याग गर्ने पति निषधराज नलप्रति देखाएको पतिभक्ति तपाईँलाई कस्तो लाग्यो ? आफ्नो तर्क दिनुहोस् ।

(ख) कम्प्युटरलाई सुरक्षित राख्न वा भाइरसमुक्त बनाउन त्यसमा एन्टिभाइरस इन्स्टल गर्नुपरे झैँ मानिसलाई भाइरसको सङ्क्रमण हुन नदिन र सङ्क्रमित भइसकेको अवस्थामा त्यसबाट मुक्त बनाउन के गर्नुपर्ला ? आफ्नो प्रतिक्रिया
दिनुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'हामीलाई बोलाउँछन् हिमचुली' कविताको मूलभाव के हो ? वर्णन गर्नुहोस् ।

(ख) 'एक चिहान' उपन्यासमा नेपाली समाजको वास्तविकताको चित्रण कसरी गरिएको छ ? समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) नेपालको विकासमा जलस्रोतको भूमिका

(ख) नेपाल : मेरो कर्मभूमि (ग) आमाबुबाप्रति छोराछोरीको दायित्व